# सार्वजनिक खरिद (पहिलो संशोधन) विधेयक, २०७३ का मुख्य मुख्य विशेषता

व्यवस्थापिका-संसदको मिति २०७३।३।७ मा बसेको बैठकले सार्वजनिक खरिद (पहिलो संशोधन) विधेयक,२०७३ पारित गरेको छ । उक्त विधेयक सम्माननीय राष्ट्रपतिबाट प्रमाणीकरण गरेको मिति देखि लागू हुनेछ । उक्त विधेयकले सार्वजनिक खरिद ऐन, २०६३ मा गरेका मुख्य मुख्य संशोधनहरुलाई विधेयकको विशेषताको रुपमा देहाय बमोजिम उल्लेख गरिएको छ:

१. सार्वजनिक खरिद ऐन, २०६३ (यसपछि ऐन भनिएको ) को दफा २ को खण्ड (ख) को परिभाषा भित्र नपर्ने तर प्रचलित कानून बमोजिम दर्ता भएका संस्थाले सरकारी कोष प्रयोग गरी खरिद गर्दा ऐन बमोजिमको कार्यविधि एवं प्रकृया पूरा गर्नु पर्ने व्यवस्था थप गरिएको ।

२. पच्चीस हजार रुपैयाँसम्मको खरिद कार्यको लागि लागत अनुमान तयार गर्नु नपर्ने व्यवस्था भएकोमा निर्माण कार्यका हकमा बाहेक अन्य कार्य गर्दा त्यस्तो सीमा एकलाख रुपैयाँ कायम गरिएको ।

३. एकपटक स्वीकृत भइसकेको लागत अनुमानमा संशोधन गर्नु पर्दा शुरु लागत अंकमा पच्चीस प्रतिशत भन्दा बढी फरक परेमा वा त्रुटीपूर्ण डिजाईन वा अस्वभाविक लागत अनुमानको कारणबाट खरिद कार्य प्रभावित भएमा त्यस्तो लागत तयार गर्ने, जाँच गर्ने र स्वीकृत गर्ने पदाधिकारी जिम्मेवार हुने व्यवस्था गरिएको ।

४. खरिद प्रक्रियालाई सरल बनाउनको लागि एकमुष्ट दर विधि, उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा खरिद गर्न सक्ने, सीमित उत्पादक, आपूर्तिकर्ता वा सेवा प्रदायक भएको अवस्थामा त्यस्ता उत्पादक वा आपूर्तिकर्ता बीचमात्र प्रतिस्पर्धा गराई खरिद गर्न सकिने (लिमिटेड टेण्डरिङ्ग) विधि र पुरानो दिएर नयाँ लिने (पुरानोको मूल्य कटाई) विधिहरु थप गरी त्यस्तो खरीद कार्यको लागि छुट्टै कार्यविधि बनाउने व्यवस्था गरिएको ।

५. विगतमा साठीलाख रुपैयाँसम्मको लागत अनुमानमा योग्यता आवश्यक नपर्ने व्यवस्था रहेकोमा हाल सार्वजनिक निकायबाट योग्यता आवश्यक नपर्ने भनी निश्चित गरिएकोमा बाहेक दुई करोड रुपैयाँभन्दा कम लागत अनुमानमा योग्यता निर्धारण गर्नु नपर्ने व्यवस्था गरिएको ।

६. तोकिएको अवधिमा बोलपत्र पेश गर्न दिइएकोमा सो अवधिमा बोपत्र नपरे वा पुन बोलपत्र माग गर्नु परेमा समयको बचतको लागि त्यस्तो म्यादलाई घटाई राष्ट्रियस्तरको बोलपत्रमा १५ दिन र अन्तराष्ट्रिय स्तरको बोलपत्रमा २१ दिन कायम गरिएको ।

७. विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न सक्ने व्यवस्थालाई ऐनमा नै समावेश गरिएको ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

८. अन्तिम समयमा मिलेमोतो गरी बोलपत्र फिर्ता लिने प्रवृत्तिलाई दुरुत्साहन गर्न बोलपत्र पेश गर्न तोकिएको म्याद भन्दा चौबीस घण्टा अगावै त्यस्तो बोलपत्र फिर्ता गर्न सक्ने व्यवस्था गरिएको ।

९. लागत अनुमानभन्दा पन्ध्र प्रतिशत भन्दा बढी घटेर ठेक्का कबुल गरेमा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी कबोल गरेको छ सो अंकको पचास प्रतिशतले हुन आउने रकमको पाँच प्रतिशत जमानत थप गर्नु पर्ने व्यवस्था गरिएको ।

१०. एक सार्वजनिक निकायले अर्को सार्वजनिक निकायसँग वा अन्तर्राष्ट्रिय अन्तरसरकारी संस्थासँग मालसामान वा सेवा खरिद गर्नु परेमा र विशेष परिस्थितिमा खरिद गर्नु परेमा सोझै खरिद गर्न सकिने व्यवस्था गरिएको ।

११. निर्माण पेश्की दिने व्यवस्थामा केही परिमार्जन गरी पेश्की दिनु पूर्व अग्रीम बैंक जमानत लिई खरिद सम्झौता रकमको बीस प्रतिशतमा नबढाई पहिलो पेश्की रकमको आधामा नबढ्ने गरी कार्य प्रगतीका आधारमा पेश्की दिने व्यवस्था गरिएको ।

१२. भेरीएशन आदेश सम्बन्धी व्यवस्थामा तहगत रुपमा कर्मचारीलाई जिम्मेवार बनाईएको र स्वीकृत ठेक्का रकमको पाँच प्रतिशतसम्मको भेरिएशन सम्बन्धित निकायको रा.प.द्वितीय श्रेणीको अधिकृतले, पन्ध्र प्रतिशतसम्म विभागीय प्रमुख, पच्चीस प्रतिशतसम्मको भेरिएशन सचिवले र पच्चीस प्रतिशतभन्दा बढी भेरिएशन गर्नु पर्ने भएमा नेपाल सरकार (मन्त्रिपरिषद्) ले गर्न सक्ने व्यवस्था गरिएको ।

१३. खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम काम शुरु नगरेमा, शुरु गरी बिचैमा छाडेमा वा सम्झौता बमोजिम प्रगति नगरेमा सम्झौता अन्त्य गर्न सकिने, त्यसरी सम्झौता अन्त्य भएमा जमानत जफत गरिने र बाँकी कार्य सम्पन्न गर्न लाग्ने रकम त्यस्तो बोलपत्रदाताबाट सरकारी बाँकी सरह असूल गरिने व्यवस्था ।

१४. ऐन र ऐन अन्तरगतको नियम बमोजिमको जिम्मेवारी पूरा नगर्ने पदाधिकारीलाई विभागीय कारबाहीको प्रकृया शुरु गरिने व्यवस्था गरिएको ।

१५. ऐन बमोजिमको खरिद प्रकृया अपनाउन व्यवहारिक रुपमा नसकिने अवस्था जस्तैः विदेशमा व्यापार प्रवर्द्धन गर्दा, साँस्कृतिक कार्यक्रम वा औद्योगिक प्रदर्शन गर्दा, विदेशी स्थित दुतावास वा नियोगको लागि खरिद गर्नु पर्दा र विमान सेवा सञ्चालन गर्न आवश्यक उपकरण विदेशमा खरिद गर्नु पर्दा ऐन बमोजिमको प्रकृया अपनाउनु नपर्ने तर छुट्टै कार्यविधि बनाई त्यस्तो कार्यविधि सार्वजनिक खरिद अनुगमन कार्यालयको सहमति लिई स्वीकृत गराई खरिद गर्न सकिने व्यवस्था भएकोमा त्यस्तो कार्यविधिमा बिजिनेश प्लान, लाइफ साइकल, नेट प्रिजेन्ट भ्यालु समेत खुलाउनु पर्ने व्यवस्था गरिएको ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय